बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रसुवा अस्पताल
धुन्चे, रसुवा

मितिः२०८३/०६/१४

# भोटेकोशी नदीमा आएको भिषण बाढीको विपद् घटना प्रतिवदन

## मिति २०८३/०५/१० देखि २०८३/०६/१४ सम्म

## १. घटनाको विवरण

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको भिषण बाढीका कारण रसुवा जिल्लाका बिभिन्न क्षेत्रमा ठुलो जनधन तथा भौतिक क्षति भई जनजीवन प्रभावित भएको छ। बाढीका कारण प्रभावित तथा घाइते व्यक्तिहरू उपचारका लागि रसुवा अस्पतालमा हेलिकप्टर तथा एम्बुलेन्स मार्फत ल्याइएको थियो। अस्पतालले उपलब्ध जनशक्ति, औषधि, स्वास्थ्य सामग्री तथा स्रोत—साधनको अधिकतम उपयोग गर्दै तत्काल स्वास्थ्य परीक्षण, प्राथमिक उपचार तथा आवश्यक उपचार सेवा प्रदान गरेको थियो। घटनाको समयमा अस्पतालले आकस्मिक स्वास्थ्य सेवा निरन्तर सञ्चालन गरी बाढीबाट प्रभावित बिरामीहरूको स्वास्थ्य अवस्था मूल्याङ्कन, उपचार, निगरानी तथा आवश्यकताअनुसार थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा रेफर गर्ने कार्य गरेको थियो।

## २. बिरामी उपचार तथा स्वास्थ्य व्यवस्थापन

- बाढी पिडित तथा घाईतेलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको ।
- स्वास्थ्य परीक्षण तथा प्रारम्भिक मूल्याङ्कन गरिएको।
- घाइते तथा बिरामीलाई प्राथमिक उपचार तथा आवश्यक औषधि उपलब्ध गराइएको।
- आवश्यकताअनुसार प्रयोगशाला तथा अन्य स्वास्थ्य परीक्षण गरिएको।
- गम्भीर अवस्थाका बिरामीलाई थप उपचारका लागि उपयुक्त स्वास्थ्य संस्थामा रेफर गरिएको।

फोन नः-०१०-५४००४०
Email:rasuwa.district.hospital@gmail.com

- बिरामी तथा आफन्तलाई आवश्यक स्वास्थ्य परामर्श तथा जानकारी प्रदान गरिएको।
- अस्पताल ल्याईएका केहि बाढी प्रभावितलाई बस्ने र खाने व्यवस्था गरिएको ।
- आकस्मिक अवस्थामा अस्पतालको जनशक्ति परिचालन गरी उपचार सेवा निरन्तर सञ्चालन गरिएको।

## ३. रसुवा अस्पतालमा आपतकालीन अवस्थाको लागि Hospital Disaster Preparedness Response Plan (HDPRP) को कार्य विभाजन विवरणः-

**अस्पताल घटना आदेश केन्द्रः- (Hospital Incident Command Centre-HICC)**

यो आपाकालिन अवस्थामा सक्रिय हुने अस्पतालको विपद् प्रतिकार्य संरचना हो ।यो संरचनाले दुर्घटनामा परेका घाइतेहरुको अवस्थाबारे जानकारी प्रवाह, मानव संसाधन तथा अन्य श्रोतबारे जानकारी लिनको लागि विभिन्न वार्डहरुसँग समन्वय, औषधी तथा औषधीजन्य सामग्रीहरुको व्यवस्थापन, घाइतेहरुको स्थानान्तरण, प्रेषण र संरचनाकर्मीहरुको व्यवस्थापनका लागि कार्य गर्दछ ।यो संरचना निम्न बमोजिम सदस्यहरुको सहभागितामा गठन गरिएको छः-

| **पद** | **नाम** | **सम्पर्क नम्बर** |
|---|---|---|
| **घटना आदेश (Incident Commander-IC)** | **डा. अमित प्रजापति (मेडिकल सुपरिटेन्डेन्ट)** | ९८५१२५५४०७ |
| वैकल्पिक १-IC | डा.सुनिल कुमार दस(मेडिकल जर्नलिष्ट) | ९८५११८५४७७ |
| वैकल्पिक २-IC | डा.उत्सव तिमिल्सिना (मेडिकल अधिकृत) | ९८४२५५२३७४ |
| **योजना अधिकृत (Planning Officer-PO)** | **डा. सुनिल कुमार दास (मेडिकल जर्नलिष्ट)** | ९८५११८५४७७ |
| वैकल्पिक १-OP | डा.उत्सव तिमिल्सिना (मेडिकल अधिकृत) | ९८४२५५२३७४ |
| वैकल्पिक २-OP | डा.साहिन प्रविन(मेडिकल अधिकृत) | ९८६६३६२०३९ |

| | | |
|---|---|---|
| **परिचालन अधिकृत (Operational Officer-OO)** | **डा.निरन्जन अधिकारी (मेडिकल अधिकृत)** | ९८६०६७५०२७ |
| वैकल्पिक १-OO | डा.साहिन प्रविन (मेडिकल अधिकृत) | ९८६६३६२०३९ |
| वैकल्पिक २-OO | नरेन्द्र थापा (एनेस्थेटिक सहायक) | ९८६९५४८०८१ |
| **आपुर्ति अधिकृत (Logistic Officer-LO)** | **गगन वि. क (प्रशासन सहायक)** | ९८५१४०३८१७ |
| वैकल्पिक १-LO | नरेन्द्र थापा (एनेस्थेटिक सहायक) | ९८६९५४८०८१ |
| वैकल्पिक २-LO | अशोक कु.पण्डित(अ.हे.व.) | ९८५१४०४५२० |
| **वित्त अधिकृत (Finance Officer-FO** | **निकाश जंग शाही (लेखापाल)** | ९८६५५८३०१६ |
| वैकल्पिक १-FO | गगन वि. क (प्रशासन सहायक) | ९८५१४०३८१७ |
| वैकल्पिक २-FO | नरेन्द्र थापा (एनेस्थेटिक सहायक) | ९८६९५४८०८१ |
| **सुचना अधिकृत (Communication Officer-CO)** | **नरेन्द्र थापा (एनेस्थेटिक सहायक)** | ९८६९५४८०८१ |
| वैकल्पिक १-CO | पूजा कुमारी झा (हेल्थ असिस्टेन्ट) | ९७०२६६९०२६ |
| वैकल्पिक २-CO | अशोक कु.पण्डित(अ.हे.व.) | ९८५१४०४५२० |
| **सुरक्षा अधिकृत (Security Officer-SO)** | प्रतिनिधि,नेपाल सशस्त्र प्रहरी बल गुल्म न.२० हेकुवा, रसुवा | ९८५१२१४५३९ |
| वैकल्पिक १-SO | प्रतिनिधि, नेपाल पुलिस, रसुवा | ९८५१२५४९६० |
| वैकल्पिक २-SO | प्रतिनिधि, नेपाली सेना, रसुवा | ९८५१३५१४०६ |

| | | |
|---|---|---|
| Triage अधिकृत (TO) | डा.उत्सव तिमिल्सिना | ९८४२५५२३७४ |
| वैकल्पिक १-TO | डा. निरन्जन अधिकारी | ९८६०६७५०२७ |
| वैकल्पिक २-TO | नरेन्द्र थापा (एनेस्थेसिया एसिस्टेन्ट) | ९८६९५४८०८१ |

## ४. यस रसुवा अस्पतालमा उपचार भएका रसुवा भोटेकोशी बाढीबाट प्रभावित घाइते तथा बिरामीहरुको उपचार विवरणः

| क्र.स | नाम,थर | वर्ष/लिङ्ग | ठेगाना | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | मिन बहादुर श्रेष्ठ | -/ पु | सिन्धुपाल्चोक | गम्भिर | Stabilized and Refer |
| २. | कुसल मगर | -/पु | - | गम्भिर | Stabilized and Refer |
| ३. | नन्दलाल घत्रि | -/पु | बर्दिया | गम्भिर | Stabilized and Refer |
| ४. | दावा डोल्मा | १३/महिला | गोसाइकुण्ड गा.पा-०५ | गम्भिर | Stabilized and Refer |
| ५. | अशोक श्रेष्ठ | ३०/पु | सिन्धुपालचोक | गम्भिर | Stabilized and Refer |
| ६. | पेम्बा तामाङ | ४८/पु | गोसाईकुण्ड गा.पा-०५ | गम्भर | Stabilized and Refer |
| ७. | देवेन्द्र खडका | ३४/पु | काठमाडौं(गोदावरी) | सामान्य | Discharge |
| ८. | राजन खत्रि | ४२/पु | दोल्खा | सामान्य | Discharge |
| ९. | राजेन्द्र भट्ट | २७/पु | कनचन्पुर | गम्भिर | Stabilized and Refer |
| १०. | बल बहादुर घत्री | ५०/पु | जाजरकोट | गम्भिर | Stabilized and Refer |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | ऐन्जेल पौडेल | २९/पु | मोरङ | सामान्य | Stabilized and Refer |
| १२. | प्रदिप चन्द | ३२/पु | कनचनपुर | सामान्य | Stabilized and Refer |
| १३. | राजकुमार खडका | ३६/पु | सिन्धुपालचोक | | Discharge |
| १४. | भुपेन्द्र भुसाल | २८/पु | रामेछाप | सामान्य | Discharge |
| १५. | सागर सहनी | ४५/पु | बारा | सामान्य | Discharge |
| १६. | रमेस कुमार बुढा | २४/पु | जुम्ला | सामान्य | Discharge |
| १७. | ज्ञान बहादुर थिङ | २६/पु | सर्लाही | सामान्य | Discharge |
| १८. | श्याम लाल मोक्ताङ | ३३/पु | सिन्धुली | सामान्य | Discharge |
| १९. | चन्द्र बहादुर बुढा | २६/पु | जुम्ला | सामान्य | Discharge |
| २०. | तिन्थ बहादुर बुढा | २५/पु | जुम्ला | सामान्य | Discharge |
| २१. | उमेश रावल | २५/पु | आछाम | सामान्य | Discharge |
| २२. | राजु तामाङ | २९/पु | गोशाईकुण्ड गा.पा-०६ | सामान्य | Discharge |
| २३. | भुवन सिह पाखिन | ५९/पु | मकवानपुर | सामान्य | Discharge |
| २४. | निमा ग्याल्मो घले | ३५/पु | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| २५. | तिर्थ बहादुर कार्कि | ४४/पु | सिन्धुपालचोक | सामान्य | Discharge |

| | | | | | |
|---|---|---|---|---|---|
| २६. | सुकुमान कामी | ५५/पु | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| २७. | पाल्याङ सेर्पा | ३.५/म | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| २८. | रेन्जेन सेर्पा | ७३/पु | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| २९. | मिशान तामाङ | ३/म | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| ३०. | प्रतिमा लामा | ४०/म | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| ३१. | फुर्वा याङजेन तामाङ | ५५/म | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| ३२. | उपेश चौधरी | २८/पु | बारा | सामान्य | Discharge |
| ३३. | रोहन चौधरी | २२/पु | बारा | सामान्य | Discharge |
| ३४. | निमा कर्म | ५९/म | गोसाईकुण्ड गा.पा-०२ | सामान्य | Discharge |
| ३५. | घुम्पु घले | ६४/पु | गोसाईकुण्ड गा.पा-०२ | सामान्य | Discharge |
| ३६. | वाशुदेव आचार्य | २८/पु | सिम्धुपालचोक | सामान्य | Discharge |
| ३७. | लामु तामाङ | ६/म | गोसाईकुण्ड गा.पा-०२ | सामान्य | Discharge |
| ३८. | सेम साम्वो तामाङ | २८/म | गोसाईकुण्ड गा.पा-०२ | सामान्य | Discharge |
| ३९. | दावा छेन्जोम तामाङ | ३६/म | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| ४०. | सम्झाना न्यौपाने | २८/म | दाङ | सामान्य | Admit(Pregnant) Refer |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१. | अर्विन्द मेहता | ३२/पु | सर्लाही | सामान्य | Discharge |
| ४२. | सानु कान्छी मोकतान | २३/पु | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Admit (Pregnant) Refer |
| ४३. | मेन्दो पेमा तामाङ | ३३/म | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| ४४. | नाम,वतन नखुलेको | अन्दाजी ३५/३६/पु | नखुलेको | मृत्यु | Death Body sent to TUTH |
| ४५. | पुर्ण बहादुर घले | ५५/पु | उतरगया-४ | सामान्य | Stabilized and Refer |
| ४६. | सिजन थापा क्षेत्रि | २१/पु | उतरगया-४ | मध्यम | Stabilized and Refer |
| ४७. | ईश्वरा तामाङ | ५/म | उतरगया-५ | गम्भिर | Stabilized and Refer |
| ४८. | नेत्र प्र.भट्ट | ५१/पु | नुवाकोट | सामान्य | Discharge |
| ४९. | ज्ञान कुमार डंगोल | ३९/पु | नुवाकोट | सामान्य | Discharge |
| ५०. | संगिता तामाङ | २९/म | उतरगया-५ | मध्यम | Stabilized and Refer |
| ५१. | महेश्वर कुमार साह | २७/पु | कालिका-रसुवा | मध्यम | Stabilized and Refer |
| ५२. | सुसिला बुलुन | ३१/म | उतरगया-५ | मध्यम | Stabilized and Refer |
| ५३. | सित्तर तामाङ | ४०/पु | उतरगया-१ | मध्यम | Stabilized and Refer |
| ५४. | छेत्रो तमाङ | ४४/म | आमोछोदुम १ | सामान्या | Discharge |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५ | दिल ब.तामाङ | ३६/पु | आमोछोदुम १ | सामान्य | Discharge |
| ५६ | शुसिल पटेल | २०/पु | नुवाकोट | सामान्य | Discharge |
| ५७ | निमा दोर्जे तामाङ | २५/म | आमोछोदुम १ | गम्भिर | Stabilized and Refer |
| ५८ | कृष्णमान श्रेष्ठ | २६/पु | नुवाकोट | सामान्य | Discharge |
| ५९ | मादव प्र.दुलाल | २९/पु | सिन्धुपालचोक | सामान्य | Discharge |
| ६० | रमन लाल श्रेष्ठ | ३८/पु | काठमान्डौं | गम्भिर | Stabilized and Refer |
| ६१ | निमा तामाङ | ५०/म | गोसाईकुण्ड गा.पा-०२ | सामान्य | Discharge |
| ६२ | नुवाङ दोर्जे | ४१/पु | गोसाईकुण्ड गा.पा-०२ | सामान्य | Discharge |
| ६३ | डिन्दुप घले | २६/पु | गोसाईकुण्ड गा.पा-०६ | सामान्य | Discharge |
| ६४ | सन्तमाया तामाङ | ३५/म | गोसाईकुण्ड गा.पा-०६ | सामान्य | Discharge |
| ६५ | सुर्य कु.श्रेष्ठ | ५०/पु | गोसाईकुण्ड गा.पा-०६ | सामान्य | Discharge |
| ६६ | छिरिङ नर्पु तामाङ | ५२पु | गोसाईकुण्ड गा.पा-०६ | सामान्य | Discharge |
| ६७ | भक्त ब.माझि | १८/पु | सिन्धुलि | सामान्य | Discharge<br>(Holding Center) |
| ६८ | राजन बि.क. | ४२/पु | सिन्धुलि | सामान्य | Discharge<br>(Holding Center |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९. | सुनिल माझि | ३५/पु | सिन्धुलि | सामान्य | Discharge<br>(Holding Center |
| ७०. | बल ब.माझि | ५०/पु | सिन्धुलि | सामान्य | Discharge<br>(Holding Center |
| ७१. | कमल थापा | ३८/पु | नुवाकोट | मध्यम | Stabilized and Refer |
| ७२. | मान्वी तामाङ | १२/म | गोसाईकुण्ड गा.पा-०५ | सामान्य | Discharge |
| ७३. | पेम्बा तामाङ | ४०/पु | आमाछोदिङमो | मध्यम | Stabilized and Refer |
| ७४. | रमेश बुढा | २१/पु | जुम्ला | मध्यम | Stabilized and Refer |
| ७५. | मिङमार दोर्जे तामाङ | २१/पु | रसुवा | सामान्य | Discharge |
| ७६. | चिपु साङ तामाङ | ७४/म | आमाछोदिङमो गा.पा. ०१ | मध्यम | Stabilized and Refer |
| ७७. | मनिसा उचाई मगर | ७/म | सितगंगा न.पा. ५ अर्घाखाचि | गम्भिर | Stabilized and Refer |
| ७८. | महेश कार्कि | ३२/पु | कन्चनपुर | सामान्य | Discharge |
| ७९. | नरेन्द्र तामाङ | २६/पु | रामेछाप | सामान्य | Discharge |
| ८०. | ज्ञानु तामाङ | ९९/पु | धार्दिङ | मध्यम | Stabilized and Refer |
| ८१. | भावना के.सी. | २३/म | आमाछोदिङमो गा.पा. ०१ | सामान्य | Discharge |

नोटः-

| लिङ | डिस्चार्ज | रेफर | मृत्यु | जम्मा |
|---|---|---|---|---|
| पुरुष | ३९ | १८ | ०१ | ५८ |
| महिला | १४ | ०९ | ० | २३ |
| जम्मा | **५३** | **२७** | **०१** | **८१** |

## ५. उपचार तथा स्वास्थ्य व्यवस्थापनमा खटिएका रसुवा अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी तथा अप्राविधिक कर्मचारीहरुः-

| **क्र.सं.** | **कर्मचारीको नाम/थर** | **सेवा** | पद |
|---|---|---|---|
| १. | डा. अमित प्रजापति | स्वास्थ्य | मे.सु. |
| २. | डा.सुनिल कुमार दास | स्वास्थ्य | MDGPEM |
| ३. | डा.उत्सव तिमिल्सेना | स्वास्थ्य | मे.अ. |
| ४. | डा.निरन्जन अधिकारी | स्वास्थ्य | मे.अ. |
| ५. | डा.साहिन प्रविन | स्वास्थ्य | मे.अ. |
| ६. | प्रतिमा पौडेल | स्वास्थ्य | ल्या.टे. |
| ७. | सिमा रावत | स्वास्थ्य | न.अ. |
| ८. | कल्पना कुमारी वुढा | स्वास्थ्य | न.अ. |
| ९. | दुर्गा न्यौपाने | स्वास्थ्य | फा.अ. |
| १०. | वर्षा नेपाल | स्वास्थ्य | फा.अ. |

| | | | |
|---|---|---|---|
| ११. | सम्झना थोक्रा | स्वास्थ्य | न.अ. |
| १२. | विनिता गौतम | स्वास्थ्य | ल्या.टे. |
| १३. | शोभा न्यौपाने | स्वास्थ्य | अ.न.नि. |
| १४. | टंक कुमारी भट्राई | स्वास्थ्य | सि.अ.न.मि. |
| १५. | निकाशजङ्ग शाही | प्रशासन | लेखापाल |
| १६. | नरेन्द्र थापा | स्वास्थ्य | एनेस्थेटिक स. |
| १७. | निराजन श्रेष्ठ | स्वास्थ्य | मे.रे.सु. |
| १८. | संजिव कुमार सिंह | स्वास्थ्य | रे.ग्रा. |
| १९. | मेन्साङ मम्बा तामाङ | स्वास्थ्य | स्टाफ नर्स |
| २०. | अर्चना रेग्मी | स्वास्थ्य | स्टाफ नर्स |
| २१. | पुजा कुमारी झा | स्वास्थ्य | हे.अ. |
| २२. | अशोक कुमार पण्डित | स्वास्थ्य | अ.हे.व. |
| २३. | राम सुधिर यादव | स्वास्थ्य | रे.ग्रा. |
| २४. | रुपेश कुमार शाह | स्वास्थ्य | हे.अ. |
| २५. | सुरभि न्यौपाने | स्वास्थ्य | ल्या.टे. |
| २६. | नविन सिलवाल | स्वास्थ्य | डे.स. |
| २७. | अनु कुमारी | स्वास्थ्य | रे.ग्रा. |
| २८. | सुनिता नेपाली | स्वास्थ्य | स्टाफ नर्स |

| | | | |
|---|---|---|---|
| २९. | हिमाल पुन | स्वास्थ्य | ल्या.टे. |
| ३०. | वुदियाईर चौधरी | स्वास्थ्य | अ.न.मि. |
| ३१. | अर्जुन रेग्मी | स्वास्थ्य | ल्या.टे. |
| ३२. | विना श्रेष्ठ | स्वास्थ्य | हे.अ. |
| ३३. | रुष्मा नेपाल कुईकेल | स्वास्थ्य | क.स. |
| ३४. | सन्तोष कुमार दाहाल | स्वास्थ्य | फि.स. |
| ३५. | नवराज भुजेल | प्रशासन | का.स |
| ३६. | नारायण थापा | प्रशासन | का.स |
| ३७. | लाक्पा घले | प्रशासन | का.स |
| ३८. | सन्देवी घले | प्रशासन | का.स |
| ३९. | डोल कुमारी सुवेदी | प्रशासन | का.स |
| ४०. | विर वहादुर तामाङ | प्रशासन | का.स |
| ४१. | विशाल तामाङ | प्रशासन | ह.स.च. |
| ४२. | रामचन्द्र गोतामे | प्रशासन | सुरक्षा गार्ड |
| ४३. | आशिष घले | प्रशासन | ह.स.च. |
| ४४. | सन्तोषी देवकोटा | प्रशासन | का.स |

## ६. विभिन्न निकायबाट आउनुभएका चिकित्सक तथा स्वास्थ्यकर्मी कर्मचारीहरुः-

| क्र.सं. | संस्था | कर्मचारीको नाम/थर | खटिएको ठांउ | खटिएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | WHO | डा. तारा बानियां | रसुवा अस्पताल | २०८३/०५/१० - २०८३/०५/१३ | |
| २ | Dhulikhel Hospital | डा.शैलेस प्रसाद श्रेष्ट, श्रीजेस पराजुलि, श्रावन गौतम, राम प्र. ढकाल | स्याफ्रुबेसी, टिमुरे, उत्तरगया | २०८३/०५/१२ - २०८३/०५/१६ | |
| ३ | National Trauma center | डा.अभिनास कार्कि, डा.विप्लव शर्मा, डा.प्रशन्न रेग्मि, डा.निति श्रेष्ठ, साधना भट्टराई, सरस्वति लामा, सपना वि.क | रसुवा अस्पताल | २०८३/०५/११ - २०८३/०५/१४ | |
| ४ | National Trauma center | डा.सरोज गोइवार, डा.राजिव खडका, डा.शितेष यादव, | लिङलिङ | २०८३/०५/१४ - २०८३/०५/१७ | |
| ५ | Self volunteer | डा. गोविन्द के. सी | रसुवा अस्पताल | २०८३/०५/२९ - २०८३/०५/३१, २०८३/०६/०४ | |
| ६ | APF Hospital | (Staff Nurse) हसिना राई, | रसुवा अस्पताल | २ ०८३/०५/११-२५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिक्षा शर्मा | | २०८३/०५/११-२० | |
| ७ | APF Hospital | डा. अनिश जोशी,<br><br>S.N आरजु थापा | रसुवा अस्पताल | २०८३/०५/२१-३०<br>२०८३/०५/१८-२४ | |
| ८ | Self volunteer | डा.अस्मिता वाग्ले | रसुवा अस्पताल | २०८३/०५/१० - २०८३/०५/१३ | |
| ९ | Self volunteer | डा.समिक्षा अधिकारी | रसुवा अस्पताल | २०८३/०५/१० - २०८३/०५/१३ | |
| १० | CMC Nepal/ UNFPA | सजना राई (मनोसामाजिक परामर्शकर्ता) | रसुवा अस्पताल | २०८३/०५/२९ देखि हाल सम्म। | |

## ७. प्रतिकार्यका मुख्य क्रियाकलापहरु

- बाढीबाट प्रभावित भई अस्पतालमा आएका बिरामीहरूको उचित उपचार, भर्ना तथा रिफर गरिएको।
- आवश्यकता अनुसार बिभिन्न बाढी प्रभावित स्थान तथा हिल्डिङ सेन्टरमा स्वास्थ्य टोली परिचालन गरिएको।
- शव व्यवस्थापनको लागि शवको डि.एन.ए (DNA) नमुना संकलनको लागि आवश्यक सामग्रि व्यवस्थापनक साथै Forensic team परिचालनमा सहजिकरण गरिएको ।
- शव व्यवस्थापन गर्न अस्पतालको शव वहानद्वारा नियमित रुपमा शव ओसारपसार गरिएको ।
- विपद् संगै अस्पतालको नियमित सेवा (CS, Appendectomy, Normal delivery) पनि संचालन गरिएको।

- अस्पतालमा र रसुवा जिल्लाको पांच वटै गाउँपालिकामा गई आफन्तको DNA sample संकलन गरिएको।
- विपद्मा खटिएका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी लगाएत सम्पुर्णलाइ Td र OCV विरुद्द खोप कार्यक्रम संचालन गरिएको।
- खानेपानी टेस्ट गर्नको लागि बभिन्न स्थानमा ल्याब जनशक्ति परिचालन गरिएको।
- लैंगिक हिंसालाई विशेष प्रार्थमिकताका साथ बाढी प्रभावितलाई अस्पतालमा नियमित रुपमा मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको।
- विभिन्न संघ संस्थाबाट प्राप्त औषधि तथा सामग्रि व्यवस्थापन गरी आवश्यकता अनुसार स्थानिय तह र होल्डिङ सेन्टरमा पनि वितरण गरिएको।
- विभन्न सरकारी तथा गैर सरकारी निकाय संग विपद् प्रतिकार्यमा समन्वय तथा सहकार्य गरिएको।

## ८. समन्वय

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालत, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, जिल्ला प्रशासन कार्यालय रसुवा, जनस्वास्थ्य कार्यालय रसुवा संग नियमित रुपमा समन्वय भईरहेको।

## ९. चुनौति

- विपद्को प्रारम्भिक चरणमै छोटो समयभित्र ठूलो संख्यामा घाइते तथा बिरामीहरू अस्पतालमा ल्याइए ।एकैपटक आएको अत्यधिक बिरामीका कारण व्यवस्थापनमा चुनौती।
- ठूलो मानवीय क्षति भएको परिस्थितिमा आफन्तहरू आफ्ना परिवारका सदस्य तथा प्रियजनहरू अस्पताल ल्याइएका छन् कि छैनन् भन्ने जानकारीका लागि अस्पताल आएका कारण पर्याप्त संख्यामा सुरक्षाकर्मी उपस्थित हुँदाहुँदै पनि भिड व्यवस्थापन गर्न कठिनाई।
- विद्युत् तथा सञ्चार प्रणाली पूर्ण रूपमा अवरुद्ध भएको कारण अस्पतालबाट जिल्ला, प्रदेश तथा उच्च तहका सम्बन्धित निकायसँग तत्काल समन्वय तथा सूचना आदानप्रदान गर्न कठिनाई।

- जेनेरेटरका लागि उपलब्ध डिजेल सीमित भएकाले अस्पतालको अत्यावश्यक सेवा सञ्चालन गर्न जेनेरेटर लगातार चलाउनुपर्ने अवस्था।
- सीमित मानव स्रोतको कारण प्रारम्भिक केही दिनमा प्रतिस्थापनका लागि पर्याप्त जनशक्ति उपलब्ध नभएकाले चिकित्सक, नर्सिङ तथा अन्य स्वास्थ्यकर्मीहरूलाई लामो समयसम्म निरन्तर ड्युटिमा रहनुपरेकाले अत्यधिक थकान (Burnout) बढ्नु।
- एम्बुलेन्सको अभाव — अस्पतालसँग चालु अवस्थामा एम्बुलेन्स नभएको करण विपद्को समयमा बिरामीको ओसारपसार तथा प्रेषण व्यवस्थापनमा कठिनाई।
- सडकमार्ग अवरुद्ध भएपछि हेलिकप्टर मार्फत सामग्री पठाउने व्यवस्था भए पनि विभिन्न संस्थाका लागि पठाइएका सामग्रीहरू एउटै माध्यमबाट एकैपटक ढुवानी हुँदा अस्पतालको लागि पठाइएको औषधी लगाएत अन्य सामग्री मिसप्लेस हुनाले प्राप्त हुन नसक्नु।

## १०. सिकाइ तथा आगामी कार्यदिशा

- विपद् जुनसुकै समयमा आउन सक्ने भएकाले Hospital Disaster Preparedness Plan अद्यावधिक राखि सम्पुर्ण कर्मचारीलाई अभिमुखिकरण गर्नुपर्ने।
- नियमित Disaster Mock Drill ले अस्पतालको घाइते/बिरामी व्यवस्थापनमा महत्वपुर्ण सहयोग पुग्ने।
- बिरामी ओसारपसारका लागि अस्पतालमा एम्बुलेन्सको व्यवस्था हुनु पर्ने।
- संचार पुर्णरुपमा बन्द हुनसक्ने अवश्थामा वैकल्पिक संचारको आवश्यकता हुने।
- विभिन्न निकायबाट प्राप्त हुने औषधी तथा सामग्रीको स्पष्ट नाम, लेबलिङ सहित पठाउने व्यवस्थित वितरण प्रणालीको आवश्यकता।
- जेनेरेटरको लागि डिजेलको ईमर्जेन्सी रिजर्भ कायम गर्नुपर्ने।
- विपद्लाई मध्यनजर गर्दै आवश्यक औषधी तथा लजिस्टिकको आवश्यक स्टकको व्यवस्थापन गर्नु पर्ने।

## ११. निष्कर्ष

भोटेकोशी बाढीबाट उत्पन्न यस विपद्ले रसुवा अस्पताललाई अत्यन्त सीमित स्रोतसाधन, अवरुद्ध सडक तथा सञ्चार, सीमित जनशक्ति र एकैपटक ठूलो संख्यामा बिरामी तथा घाइतेको चापका बीच स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने चुनौतीपूर्ण अवस्था सिर्जना भयो। यस कठिन परिस्थितिमा अस्पतालका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको निरन्तर प्रयास, पूर्वतयारी, आपसी समन्वय तथा विभिन्न निकायबाट प्राप्त सहयोगले विपद् प्रतिकार्यलाई निरन्तरता दिन सहज भएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, जिल्ला प्रशासन कार्यालय रसुवा, जनस्वास्थ्य कार्यालय रसुवा संगको निरन्तर समन्वय र सहकार्यले विपद् प्रतिकार्य कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेलेको छ। यस घटनाबाट प्राप्त अनुभव तथा सिकाइलाई संस्थागत गर्दै अस्पतालको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता, आकस्मिक स्वास्थ्य सामग्री तथा उपकरणको व्यवस्थापन, आवश्यकता अनुसार थप जनशक्ति परिचालन गर्ने क्षमता, बिरामी प्रेषण व्यवस्था तथा विभिन्न निकायबीचको समन्वयलाई थप सुदृढ गर्नु आगामी दिनको प्रमुख प्राथमिकता हुनेछ।

## फोटोहरुः












फोन नः-०१०-५४००४०

Email:rasuwa.district.hospital@gmail.com











फोन नः-०१०-५४००४० Email:rasuwa.district.hospital@gmail.com

| | |
|---|---|
|  |  |
|  |  |

................................

डा. अमित प्रजापति

मेडिकल सुपरिटेन्डेन्ट